# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०५।०९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, पिडारी चोकस्थित र रत्नसागर मन्दिरको नामको जग्गासमेत व्यक्तिको नाममा पास गरी सार्वजनिक जग्गा भोगचलन गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा गैरकानूनी रुपमा व्यक्ति विशेषको नाममा दर्ता कायम, नापनक्सा, हालसाविक गर्ने गराउने गरी पत्राचार गर्ने, निर्णय गर्नको लागि गलत राय सहित टिप्पणी पेश गर्ने तथा स्वीकृत दिने समेतका गैरकानूनी क्रियाकलापमा संलग्न कर्मचारी, पदाधिकारीहरू एवं सरकारी, सार्वजनिक जग्गा आफ्नो नाममा कायम गराउन कर्मचारीहरूलाई अनुचित प्रभावमा पारी नेपाल सरकारलाई प्रत्यक्ष हानी र आफूसमेतलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यमा संलग्नता रहेका अन्य व्यक्ति समेतलाई देहाय बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

**देहायः**

१. **तत्कालीन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयका तत्कालीन कार्यालय प्रमुख मधु प्रसाद बस्ताकोटी**ले तत्कालीन श्री ५ को सरकारको नाममा नापनक्सा भई कायम रहेका सरकारी सार्वजनिक जग्गाहरु भिड्दै नभिडने गुठी लगत कायम गरी कुमार खड्ग विक्रम शाहको नाममा दर्ता कायम हुनेगरी जग्गाधनी प्रमाण पूर्जा बनाईदिन मालपोत कार्यालय, धनुषालाई पत्राचार गरेको पुष्टि हुन आई निजले कानून बमोजिम गुठी जग्गाको लगत र अभिलेख समेत सुरक्षित राखी जग्गाको संरक्षण गर्नुपर्ने जिम्मेवारी र दायित्व भएको गुठी कार्यालयमा कार्यरत रहँदा आफ्नो पद मुताविकको जिम्मेवारी र दायित्वबाट बिमुख भई पदीय मर्यादाको समेत दुरुपयोग गरी सरकारी स्वामित्वमा नै रहिरहेको जिल्ला धनुषा साविक पिडारी गा.वि.स. वडा नं. ५ कि.नं. १३२, कि.नं. १३३, कि.नं. १३४, कि.नं. १३५ र कि.नं. ६ समेतका जग्गा गैरकानूनी रुपमा अनाधिकृत व्यक्तिका नाममा दर्ता गर्ने-गराउने कार्यमा संलग्न रही साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसूर गरेको र उक्त कसुरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले समेत निरन्तरता दिएको देखिंदा निज मधु प्रसाद वस्ताकोटीलाई भ्रष्टाचार गरेको विगो रु.२९,८८,८१,४३७।५० (अक्षरुपी उनन्तीस करोड अठासी लाख एकासी हजार चार सय सैंतीस रुपैयाँ पैसा पचास) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेवमोजिम ऐ. ऐनको दफा ३(१) बमोजिम जरिवाना र ऐ. ऐनको दफा ३(१)(झ) वमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ ।

२. **मालपोत कार्यालय, धनुषाका तत्कालीन नायव सुब्बा यमुना प्रसाद पंजियार**ले तत्कालीन जनकपुर गुठी तहसील तथा खर्च कार्यालयको सिफारीस पत्रको आधारमा तत्कालीन श्री ५ को सरकारको नाममा कायम रहेका जिल्ला धनुषा साविक पिडारी गा.वि.स. वडा नं. ५ कि.नं. १३२, कि.नं. १३३, कि.नं. १३४, कि.नं. १३५ र कि.नं. ६ समेतका सरकारी सार्वजनिक जग्गाहरू गैरकानूनी रुपमा कुमार खड्ग विक्रम शाहको नाममा दर्ता कायम हुनेगरी भएको निर्णय प्रकृयामा सहभागी भई सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी जग्गा

गैरकानूनी रुपमा अनाधिकृत व्यक्तिलाई दर्ता गर्ने-गराउने कार्य गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसूर गरेको र उक्त कसुरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले समेत निरन्तरता दिएको देखिंदा निज यमुना प्रसाद पंजियारलाई विगो रु.२९,८८,८१,४३७।५० (अक्षरुपी उनन्तीस करोड अठासी लाख एकासी हजार चार सय सैंतीस रुपैयाँ पैसा पचास) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेवमोजिम सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना र सोही ऐनको दफा ३(१)(झ) वमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ ।

३. **मालपोत कार्यालय, धनुषाका तत्कालीन खरिदार जगदेव कामती**ले तत्कालीन जनकपुर गुठी तहसील तथा खर्च कार्यालयको सिफारीस पत्रको आधारमा तत्कालीन श्री ५ को सरकारको नाममा कायम रहेका जिल्ला धनुषा साविक पिडारी गा.वि.स. वडा नं. ५ का कि.नं. १३२, कि.नं. १३३, कि.नं. १३४, कि.नं. १३५ र कि.नं. ६ समेतका सरकारी सार्वजनिक जग्गाहरू गैरकानूनी रुपमा कुमार खड्ग विक्रम शाहको नाममा दर्ता कायम हुनेगरी भएको निर्णय प्रकृयामा सहभागी भई सरकारी स्वामित्वमा नै रहिरहेको सरकारी जग्गा गैरकानूनी रुपमा अनाधिकृत व्यक्तिलाई दर्ता गर्ने-गराउने कार्य गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसूर गरेको र उक्त कसुरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ ले समेत निरन्तरता दिएको देखिंदा निज जगदेव कामतीलाई विगो रु.२९,८८,८१,४३७।५० (अक्षरुपी उनन्तीस करोड अठासी लाख एकासी हजार चार सय सैंतीस रुपैयाँ पैसा पचास) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना र सोही ऐनको दफा ३(१)(झ) वमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १३ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ ।

४. **जिल्ला काठमाडौं शारदासदन कमलादी बस्ने कुमार खड्ग विक्रम शाह**ले जिल्ला धनुषा साविक पिडारी ५ स्थितका कि.नं. १३२, कि.नं. १३३, कि.नं. १३४, कि.नं. १३५ र कि.नं. ६ को जम्मा ८-१०-१२ विगाहा सरकारी, सार्वजनिक जग्गा गैरकानूनी रुपमा गुठी संस्थान तथा मालपोत कार्यालयका कर्मचारी समेतलाई प्रभाव र प्रलोभनमा पारी आफ्नो नाममा दर्ता कायम गराई आफूलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानी पुऱ्याउने कार्य गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिमको कसूर गरेको र उक्त कसुरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) ले निरन्तरता दिएको देखिन आएतापनी निजको मृत्यु भईसकेको हुँदा अपराधीसँगै अपराध मर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त एवं मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १३३ र १५८ समेतको कानुनी व्यवस्था बमोजिम निजलाई कैद र जरिवानाको सजाय हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १३३ र १५८ बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजि विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेकोले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम बिगो रु.२९,८८,८१,४३७।५० (अक्षरुपी उनन्तीस करोड अठासी लाख एकासी हजार चार सय सैंतीस रुपैयाँ पैसा पचास) निजको नाममा नै हाल रहेको कुनै सम्पत्तिबाट वा निजको नामबाट निजको हकवालाको नाममा सम्पत्ति गएको भए निजको हकवाला समेतबाट असुल उपर हुन मागदाबी लिइएको छ ।

साथै, कुमार खड्ग विक्रम शाहका नाममा बदनियत एवं गैरकानूनी रुपमा दर्ता भएका जग्गाहरु निजका हकवाला समेतमा नामसारी दाखिल खारेज भई सो जग्गाहरुमा जग्गाधनी कायम भएको देखिंदा उक्त सरकारी जग्गाबाट नामसारी तथा रजिष्ट्रेशन पास भई कित्ताकाट समेत भई हाल कायम रहेका जग्गाहरु जफत प्रयोजनका लागि मात्र देहाय व्यक्तिहरुलाई समेत प्रतिवादी बनाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ वमोजिम जफत हुन समेतको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| हालका जग्गाधनीहरू | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **नाम** | **ठेगाना** | **सजायको मागदाबी** | **कैफियत** |
| १. | दिवश विक्रम शाह, विभा कुमारी यादव, राज किशोर महासेठ, विमला देवी, विजय कुमार मण्डल, चन्द्रकला कुमारी देवी, त्रिफुला कुमारी देवी, लिलादेवी यादव, नृपेन्द्र सिंह, राम विपिन साह, सज्ञान देवी, पुष्पा सिंह, लक्ष्मी नारायण मिश्रा, नितु कुमारी झा, शर्मिला कुमारी, रेणु कुमारी राय, नवल किशोर यादव, जय कुमार गोईत, रिता देवी, सिकली देवी यादव, नविन कुमार झा, मनिशा कुमारी झा, मिना कर्ण, विपेन्द्र कुमार मिश्र, राधिका देवी यादव, मोमिना वेगम र गजेन्द्र ठाकुर | जिल्ला धनुषा, जनकपुर उपमहानगरपालिका | भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कुनै कसूर गरेको नदेखिएतापनि सरकारी, सार्वजनिक जग्गा हाल निजहरुको नाममा देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त जग्गा निजहरुको नामबाट जफत गरी पुनः नेपाल सरकारलाई कायम गराउन समेत मागदाबी लिइएको छ । | |

प्रवक्ता
श्याम प्रसाद भण्डारी